श्री पारा गाउँ सामुदायिक वन उपभोक्ता समूह
आमाछोदिङ्मो -०५, रसुवा

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्री सम्बन्धी सूचना

श्री नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मिति : २०८२/०१/१५

श्री सान्जेन खोला (७८ मे.वा.) जलविद्युत आयोजनाको भौतिक संरचना निर्माणको क्रममा यस पारागाउँ सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व. २०७८/०७९ मा उत्पादित काठ/दाउरा समूहको निर्णयानुसार तथा श्री डिबिजन वन कार्यालय रसुवाको च.नं. ५४८, मिति २०८२ /०१/१४ गतेको लिलाम सहमति पत्रानुसार आमाछोदिङ्मो गाउँपालिका वडा नं. ०५ तातोपानी, रसुवामा घाटगद्दी गरी राखेका विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्रि गर्न लगत समर्थन भई आएको हुँदा देहाय बमोजिमको वन पैदावार तपसिलमा उल्लेखित मूल्यमा नघटाई निम्न लिखित शर्त एंव योग्यता भएका बोलपत्रदाताले यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र यस समूहले जारी गरेको बोलपत्र खरिद गरी २२ औं दिनमा दिनको १२:०० बजे भित्र फारम भरी लट वाईज शिलबन्दी खाममा राखि बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारी लिनु परेमा समूहको कार्यालयमा सम्पर्क राख्न हुन जानकारी गराईन्छ ।

### तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण :

| वन पैदावारको | | | | | | मूल्याङ्कन (रु.) | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | लट नं. | जात | किसिम | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | कटान खर्च |
| १ | १ देखि ११ सम्म | सौर | गोलिया | ४ | ११०.३७ | २२०७४.०० | ०.०० |
| २ | | खस्रु | गोलिया | ३ | ९१.०६ | ९१०६.०० | ०.०० |
| ३ | | ब्यासिङ | गोलिया | २ | १०.६७ | १०६७.०० | ०.०० |
| ४ | | ठिङ्ग्रेसल्ला | गोलिया | ३८६ | ७०२१.७५ | १४०४३५०.०० | ०.०० |
| ५ | | गोब्रेसल्ला | गोलिया | १७१ | ३१८३.४९ | ६३६६९८.०० | ०.०० |
| जम्मा | | | | ५६६ | १०४१७.३४ | २०७३२९५.०० | ०.०० |

२. लिलाममा भाग लिने क्रममा बोलपत्र फारम खरिद गर्दा तथा शिलबन्दी बोलपत्र बुझाउँदा वन नियमावली २०७९ को नियम २५(३) र नियम १२८ बमोजिम सूचिकृत भएका काठ दाउरामा आधारित उद्योगले मात्र खरिद गर्न सक्नेछन् । उक्त उद्योगले आयकर दर्ता प्रमाण पत्र/स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर चुक्त प्रमाणपत्रको प्रतिलिपी, फर्म नवीकरण गरेको प्रमाण लगायत नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको कागजात बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

३. सूचना प्रकाशित भएको मिति देखि २१ औं दिन (२०८२/०२/०४ गते) कार्यालय समय भित्र प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र फाराम प्रति लटको रु.१,०००।- दस्तुर पछि फिर्ता नहुने गरी बुझाई यस सामुदायिक वन उपभोक्ता समूंह, डिबिजन वन कार्यालय रसुवा तथा सब डिबिजन वन कार्यालयबाट खरिद गरी शिलबन्दी बोलपत्र २२ औं दिन (२०८२।०२।०५ गते) दिनको १२:०० बजेसम्म सोही निकायमा दाखिला गर्न सकिनेछ ।

४. बोलपत्रसाथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी वापतको रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समूहको नेपाल बैंक लिमिटेड, धुन्चेमा रहेको चल्ती खाता नम्बरः ११२००१००६६५४५७००००१ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनुपर्नेछ ।

५. डिबिजन वन कार्यालय रसुवाबाट बिक्रि तथा दाखिला भएका बोलपत्र समूहको कार्यालयमा प्राप्त भए पश्चात स्थानीय नियकायका प्रतिनिधी, सब डिवका प्रतिनिधी, काठ व्यवसायी प्रतिनिधी, समूहका पदाधिकारीहरु समेतको रोहबरमा बोलपत्र

दाखिला गर्ने अन्तिम मितिको ५ दिन भित्र समूहको कार्यालयमा बोलपत्र पेश गर्नु पुर्वको बैठक बस्नेछ । बैठकबाट बोलपत्र सम्बन्धी कागजातको कुनै पक्षमा हेरफेर वा संशोधन गर्नु पर्ने देखिएमा समूहले सोही बमोजिम संशोधन गरी बोलपत्र खरिद गर्ने सबै बोलपत्रदाताहरुलाई त्यस्तो संशोधनको व्यहोरा ५ (पाँच) दिनभित्र पठाउनु पर्नेछ ।

६. बोलपत्र खरिद, दाखिला तथा खोलिने दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट सोही समयमा खरिद, दाखिला तथा खोलिने छ र बोलपत्र सम्बन्धी विवाद भएमा सोको अन्तिम टुङ्गो कार्यसमितिले लगाउने छ ।

७. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ४५ दिन भित्र सकार गरेको मूल्य, राजश्व, मू.अ.कर बुझाउनु पर्नेछ । अन्यथा नियमानुसार भै जानेछ ।

८. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पुर्ण अधिकार यस सा.व.उ.स.मा निहित रहनेछ ।

१०.उपरोक्त वन पैदावर विक्रि एंव निकासी सम्बन्धी अन्य कुराहरु प्रचलित ऐन नियम निर्देशिका बमोजिम हुनेछ ।

११.विस्तृत जानकारीका लागि समूहको कार्यालयमा सम्पर्क राख्नु होला ।